# सिम्रौनगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ, बारा

फोन: ०५३-४११०३५
प्रदेश नं. २, नेपाल

पत्र संख्या:- २०७७/०७८
चलानी नम्बर:- ३४३

मिति:- २०७७/०७/२४

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रस्तुत विषयमा यस सिम्रौनगढ नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आवहान गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | उद्यमविकास सहजकर्ता/उद्यमविकास सहयोगी | २ | रू.७०० | |

उद्यमविकास सहजकर्ताको प्रमाण पत्र भएको उम्मेदवारलाई उद्यमविकास सहजकर्ता पदको छनौट प्रकृयामा समावेश गराइनेछ भने उद्यमविकास सहजकर्ताको प्रमाण पत्र नभएको उम्मेदवारलाई उद्यमविकास सहयोगी पदको छनौट प्रकृयामा राखिने छ ।

पुनशच: उद्यमविकास सहजकर्ताको प्रमाण पत्र भएकोलाई प्राथमिकता दिइने छ ।

आवश्यक न्यूनत्तम योग्यता र अनुभव :

१. **शैक्षिक योग्यता :**

**१.१ उद्यमविकास सहजकर्ताको :**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यमविकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा,

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यमविकास सहजकर्ता सिप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा,

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यमविकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

**१.२ उद्यमविकास सहयोगीको :** कुनै पनि विषयमा प्रवीणता पत्र वा +२ वा सो सरह पास गरेको ।

२. **कार्य अनुभव :**

२.१ उद्यमविकास सहजकर्ताको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आयआर्जनको क्षेत्रमा कम्तिमा एक वर्ष काम गरेको हुनु पर्नेछ ।

२.२ उद्यमविकास सहयोगीको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जन वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको हुनु पर्नेछ ।

३. **उमेर :** कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

४. **दरखास्त दिने स्थान :** सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ(बारा)

५. **दरखास्त दिने अन्तिम मिति :** २०७७/०८/०८ कार्यालय समय भित्र ।

६. **दरखास्त फाराम पाईने स्थान :** सिम्रौनगढ नगरपालिकाको वेभसाइट वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

७. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।

८. **आवेदन तथा संलग्न कागजातहरु :** आवदेक स्वंमले प्रमाणित गरेको देहाय बमोजिमको प्रलिलिपीहरु :

(क) नागरिकताको प्रमाणित प्रतिलिपी (ख) न्यूनत्तम योग्यताको लब्धाङ्क प्रमाण पत्रको प्रतिलिपी
(ग) चारित्रिक प्रमाण पत्रको प्रतिलिपी (घ) अनुभव खुल्ने कागजात (ङ) हालसालै खिचेको ३ प्रति पि.पि.साइजको फोटो

९. **सेवा सुविधा :** सिम्रौनगढ नगरपालिकाको निर्णय बमोजिम ।

**नोट :** उद्यमविकास सहजकर्ताको उम्मेदवार नपुगेमा उद्यमविकास सहयोगीमा फाराम भर्ने उम्मेदवार महिला, दलित, आदिवासी/जनजाति, मधेशी तथा विपन्नवर्गलाई विशेष ग्राहयता दिइनेछ ।

- **विस्तुत जानकारीको लागि सिम्रौनगढ नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।**

०७७/०७/२४

हरिओम प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

श्री हरिओम प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner